नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रेश विज्ञप्ति

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :.........................

आज मिति २०७५/०८/०५ गतेका दिन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको समुपस्थितिमा आ.व २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम एवं बजेट कार्यान्वयनको कार्ययोजनामा भएको प्रगतिको प्रथम चौमासिक समिक्षा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुरु भयो। आज उपप्रधानमन्त्री तथा रक्षा मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्री , कानून, न्याय तथा संसदीय मामिला मन्त्री, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री , ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री, अर्थ मन्त्री, सहरी विकास मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्री , राष्ट्रिय योजना आयोगका उपाध्यक्ष एवम् सदस्यहरु र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत समेतको उपस्थितिमा विभिन्न मन्त्रालयका सचिवज्यूहरुले आ-आफ्नो मन्त्रालयको चौमासिक प्रगति प्रस्तुत गर्नुभयो ।यो वर्ष प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले वार्षिक नीति तथा कार्यक्रम एवं वजेटको प्रगति अनुगमन गर्न नयाँ Software निर्माण गरेको र सोही software मा सम्बन्धित मन्त्रालयहरुले गरेको प्रविष्टिको आधारमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट सोझै अनुगमन गर्न सक्ने व्यवस्था गरिएको छ ।

यस कार्यक्रममा माननीय अर्थमन्त्रीज्यूले बजेट कार्यान्वयन कार्ययोजना बनाउँदा उद्देश्यमूलक र मापनयोग्य कार्यक्रमहरु बनाउन निर्देशन दिँदै आगामी दिनमा चाहिने पूर्वाधार निर्माणसम्बन्धी वजेट पर्याप्त मात्रामा जुटाउन सरकार लागि परेको बताउनुभयो ।

आजको समिक्षामा भएको प्रस्तुति पश्चात् सम्माननीय प्रधानमन्त्रीज्यूले आजको देशको परिस्थिति, जनताको आवश्यकता र हाम्रो अभिभारा विचार गर्दै नीति तथा कार्यक्रम र वजेट कार्यान्वयनमा कुनै किसिमको विलम्ब र बहानाबाजी मान्य नहुने एवम् जनताको जीवनमा जनताले बुझ्ने गरी अनुकूल परिवर्तन दिन सक्नुपर्ने र देश अगाडि बढ्न जनतालाई सरकार माथि विश्वास जागृत गर्नुपर्दछ र सो कार्य नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनबाट मात्रै सम्भव छ भन्नुभयो ।उहाँले

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :.........................

पुरानै ढाँचा र प्रक्रिया पुर्‍याउने मात्र शैली र यथास्थितिवादी मनोवृत्तिबाट अपेक्षित उपलब्धि हासिल हुन नसक्ने हुनाले राष्ट्र निर्माण प्रति जिम्मेवार र उत्तरदायी ढङ्गबाट अगाडि बढ्न आवश्यक भएको बताउनुभयो। सरकारका काम कारवाही मितव्ययी, छिटो छरितो र समन्वयात्मक ढङ्गले सम्पादन गर्नुपर्ने एवम् युगान्तकारी परिवर्तनका लागि तीव्रताका साथ दीगो ढङ्गले विकास गर्नुपर्ने भएकोले सबै जनप्रतिनिधि तथा कर्मचारीले आ-आफ्नो क्षेत्रबाट सरकारको नीति तथा कार्यक्रम इमान्दारीपुर्वक कार्यान्वयन गर्नुपर्ने सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशन सहित कार्यक्रम समापन भयो ।

यस सम्बन्धी बाँकी मन्त्रालयहरुको प्रस्तुति २०७५/०८/०६ र २०७५/०८/०८ गते हुनेछ ।

मिति: २०७५/०८/०५

.........................

बिनोद बहादुर कुँवर

सहसचिव / प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://